आज मिति २०७७/०७/२५ गतेका दिन यस हरिनास गाउँपालिकाका अध्यक्ष श्री खिमनारायण मान्नधर ज्यूको अध्यक्षतामा निम्नानुसारका गाउकार्यपालिकाका सदस्यहरुको उपस्थितिमा बैठक बसी तपशिलका निर्णयहरु गरियो ।

तपशिलः

| दस्तखत | पदाधिकारीको नाम थर | पद |
|---|---|---|
| | श्री खिमनारायण मान्नधर | गाउँपालिका अध्यक्ष |
| | श्री झनमाया पराजुली | गाउँपालिका उपाध्यक्ष |
| — | श्री भिमवहादुर भुजेल | वडाध्यक्ष वडा नं. १ |
| | श्री पर्शुराम सिग्देल | वडाध्यक्ष वडा नं. २ |
| | श्री लेखवहादुर क्षेत्री | वडाध्यक्ष वडा नं ३ |
| | श्री चिन्तामणि शर्मा | वडाध्यक्ष वडा नं ४ |
| | श्री डन्डवहादुर राना | वडाध्यक्ष वडा नं ५ |
| — | श्री नरवहादुर थापा | वडाध्यक्ष वडा नं ६ |
| — | श्री केशमाया थापा | वडाध्यक्ष वडा नं ७ |
| | श्री हिममाया थापा | कार्यपालिका सदस्य |
| | श्री उजेली नेपाली दर्जि | कार्यपालिका सदस्य |
| — | श्री रेखा विश्वकर्मा | कार्यपालिका सदस्य |
| | श्री धनमाया राना | कार्यपालिका सदस्य |
| | श्री महेन्द्र गोतामे | कार्यपालिका सदस्य |
| — | श्री सुरज वहादुर नेपली | कार्यपालिका सदस्य |
| | श्री पर्शुराम उपाध्याय | सदस्य सचिव (प्रमुख प्रशासकीय अधिकृत) |

CamScanner

| | | |
|---|---|---|
| | बिदुर सिग्देल | अधिकृत छैटौ हरिनास गाउपालिका हरिनास स्याङजा |
| | लालचन गैह्रे | सहायक पाचौ हरिनास गाउपालिका हरिनास स्याङजा |
| | मनोज शर्मा बाग्ले | छैठौ हरिनास गाउपालिका हरिनास स्याङजा |

निर्णय न. १

निर्णय नं १ माथि छलफल गर्दा म स्वास्थ्य मेरो गाउँपालिका स्वास्थ्य कार्यक्रम सम्वन्धी कार्यविधि २०७७ र उपाध्यक्ष सुत्केरी कार्यक्रम कार्यान्वयन सम्वन्धी कार्यविधि २०७७ सर्वसम्मत पारित गर्ने निर्णय गरियो ।

निर्णय नं. २

निर्णय नं. २ मा छलफल गर्दा यस गाउँपालिका वार्ड नं.१ देखि ७ सम्म रहेका खोलानालामा बर्षादको समयमा बाढी आइ आवत जावतमा समस्या परेका हुदाँ तपिशलमा उल्लेख गरिएको स्थानमा झोलुङगे पुल निर्माण गर्न आवश्यक रहेको र कार्यालयमा सो कार्य गर्न बजेट समेत नरहेको हुँदा सम्वन्धित निकायमा झोलुङगे पुल निर्माणका लागी अनुरोध गर्ने निर्णय गरियो ।

- क- सिरउली देखि करङस्वारा झोलुङगे पुल वार्ड नं. ४ ।
- ख- आईडाँडा देखि क्यक्मी स्वास्थ्य चौकी जोड्ने झोलुङगे पुल वार्ड नं. ६ ।
- ग- कुलुङखोला झोलुङगे पुल वार्ड नं. ७ ।
- घ- टाराखोला झोलुङगे पुल वार्ड नं. २ ।
- ङ- पिपलघाट झोलुङगे पुल वार्ड नं. ३ ।
- च- ढाडेखोला झोलुङगे पुल वार्ड नं. १ र ३ ।
- छ- खानिखोला मजुवा झोलुङगे पुल वार्ड नं. ५ ।

निर्णय नं. ३

निर्णय नं. ३ मा छलफल गर्दा यस गाउपालिका कार्यालयको सुरक्षार्थ करार नियुक्ती गरिएका प्रहरी कर्मचारी मध्ये गाउ प्रहरी सहायक निरिक्षक मेघबहादुर रुचाल र गाउ प्रहरी हवल्दार डिलकुमारी रानाको कार्य सम्पादन सन्तोषजनक नभएकोले निजहरुलाइ अवकाश दिने निर्णय गरियो ।

निर्णय नं. ४

निर्णय नं. ४ मा छलफल गर्दा यस पालिका भित्र तिन स्थानका लागी २१•२१ बराबरका राष्ट्रिय झण्डा राख्रे निर्णय गरियो ।

निर्णय नं. ५

निर्णय नं. ५ मा छलफल गर्दा बिश्वव्यापी रुपमा फैलिएको कोभिड-१९ को संक्रमण रोकथामको लागी हिन्दुहरुको महान चाड शुभ-दिपावलीको पावन अवसरमा हुने सास्कृतिक कार्यक्रम एवं देउसी भैलो जस्ता मनोरन्जनात्मक कार्य, खेलकुद सम्वन्धी कार्यहरु बन्द गरिएकोले सर्वसाधरणहरुका सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

निर्णय नं. ६

निर्णय नं. ६ मा छलफल गर्दा आ.ब. २०७७/०७८ मा बिनियोजन भएका निम्न शिर्षकका रकम निम्नानुसार रकमान्तर गर्ने निर्णय गरियो ।

निम्न:

| सि.न. | कार्यक्रमको नाम | उप क्षेत्र | खर्च शिर्षक | बिनियोजन रकम | रकमान्तर बिवरण | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | कार्यक्रमको नाम | उप क्षेत्र | खर्च शिर्षक | बिनियोजन रकम |
| १ | जनता संग अध्यक्ष कार्यक्रम | भवन आवास तथा शहरी बिकास | २२५२२ | ७४०००००  चौरहत्तर लाख रुपैया | प्रहरी बिट निर्माण मग्याम चिसापानी | भवन आवास | | ८०००० असी हजार मात्र |
| २ | म स्वास्थ्य मेरो गाउँपालिका स्वास्थ्य | स्वास्थ्य | २२५२२ | ५०००००० पचासलाख रुपैया | बिपद व्यवस्थापन कोष | सामाजिक सुरक्षा तथा संरक्षण | २७२१२ | १०००००० दश लाख रुपैया मात्र |

निर्णय नं. ७

निर्णय नं. ७ मा छलफल गर्दा गरिवि निवारणका लागी लघु उद्यम बिकास कार्यक्रम यस हरिनास गाउपालिका अन्तरगत संचालन हुने भनी नेपाल सरकारबाट लक्ष्य बजेट समेत समावेश गरी निर्देशिका प्राप्त भएकोले सो कार्यक्रम प्रभावकारी संचालन गर्नका  निर्देशिकाको दफा ५ बमोजिम लघुउद्यम सहजकर्ता करार नियुक्तिका लागी बिज्ञापन गर्ने निर्णय गरियो ।

निर्णय नं. ८

निर्णय नं. ८ मा छलफल गर्दा यस हरिनास गाउँपालिकामा नियमित सवारी साधनहरु संचालन नहुँदा गाउपालिकाबासी बिरामी परि सुविधा सम्पन्न अस्पताल सम्म पुग्नका लागी अति समस्या रहेको गाउपालिकाले एउटा एम्बुलेन्स खरिद गरि स्थानियहरुलाइ सेवा सुविधा उपलव्ध गराउन अति आवश्यक परेको र आ.ब. २०७७/०७८ मा सातौ गाउँसभाबाट एम्बुलेन्स खरिदका लागी वजेट समेत बिनियोजन भएकोले भन्सार महशुल मिनाहा हुने गरी जिल्ला एम्बुलेन्स सेवा संचालन समिति स्याङजा लाइ एम्बुलेन्स खरिदको सिफारिशका लागी अनुरोध गर्ने निर्णय गरियो ।

(बिन नारायण ...)
अध्यक्ष

पर्शुराम उपाध्याय
प्रमुख प्रशासकीय अधिकृत